# वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल

प. सं.: २०७६।०७७
च. नं.: ३२

मिति : २०७६।०५।०८

विषय : जातीय पहिचान र जातीय सिफारिस सम्बन्धमा ।

श्री वराहपोखरी गाउँपालिका (वडा कार्यालयहरु सबै)

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौँको प.सं.२०७६।०७७ च.नं. ४ मिति २०७६।०४।०७ को प्राप्त पत्रको यसैसाथ संलग्न छ । उक्त पत्रको व्यहोरानुसार काम कारबाही गर्न गराउन हुन अनुरोध गरिन्छ ।

बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

- श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौँ ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००००० 

पत्र संख्या: २०७६/७७

चलानी नं.: ४

मिति -२०७६/०४/०७

विषय: जातीय पहिचान र जातीय सिफारिस सम्बन्धमा ।

श्री महानगरपालिका (सबै)

श्री उपमहानगरपालिका (सबै)

श्री नगरपालिका (सबै)

श्री गाउँपालिका (सबै),

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको च. नं. ०६ मिति २०७६।०४।०५ को जातीय पहिचान र जातीय सिफारिस सम्बन्धिको पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।०४।०७ को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ

सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : वेभसाइटमा अपलोड गर्नुहुन ।

०६।४।८

सुभद्रा सुवेदी

(शाखा अधिकृत)

बराहपोखरी गा.पा. ...

दर्ता नं.: १०९

मिति: २०७६।४।८

राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.स. ०७६/०७७
च.नं. ०६

मिति:- २०७६।०४।०५

विषय:- जातीय पहिचान र जातीय सिफारिस सम्बन्धमा ।

श्री महानगरपालिका (सबै),

श्री उपमहानगरपालिका (सबै),

श्री नगरपालिका (सबै),

श्री गाँउपालिका (सबै) ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६ मिति २०७५।०४।३० गतेको परिपत्र अनुसार साविकको राष्ट्रिय दलित आयोगबाट हुँदै आएका कामहरु जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०४।२३ को निर्णयानुसार तहाँको सम्बन्धित वडा कार्यालयबाट गर्नु गराउनु हुन अनुरोध गरेको परिपत्र तहाँ प्राप्त भैसकेको नै छ ।

यस राष्ट्रिय दलित आयोगले विगतमा जातीय प्रमाणपत्र तथा जातीय सिफारिस दिने गरेकोमा यस आयोग संवैधानिक आयोगको रुपमा स्थापना भएपछि राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा उक्त व्यवस्था नरहेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को उपदफा २ (ङ) को ३४(क) बमोजिम जातीय पहिचान र जातीय सिफारिस गर्ने कार्य वडा समितिको काम, कर्तव्य र अधिकार भित्र रहेको छ । केहि वडाहरुबाट जातीय पहिचान र जातीय सिफारिस पत्र उपलब्ध नगराएको भन्ने सेवाग्राहीको गुनासो यस आयोगमा आईरहेका हुँदा तहाँको सम्बन्धित सबै वडा कार्यालयहरुलाई उक्त विषय पुनः जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

गिरिराज ज्ञवाली
(उप-सचिव)

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

प.सं. 065/066

च.नं. 06

मितिः- २०७६।०४।०५

विषयः- पत्र अपलोड गरिदिने सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदवार, काठमाण्डौ ।

यस राष्ट्रिय दलित आयोगको च.नं. ०६ मिति २०७५।०४।०५ गतेको जातीय पहिचान र जातीय सिफारिस सम्बन्धी यसैसाथ संलग्न रहेको पत्र तहाँ मन्त्रालयको वेभसाइटमा अपलोड गराईदिने व्यवस्था मिलाईदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

गिरिराज ज्ञवाली

(उप-सचिव)